राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७३ भाद्र १६ गते

## मानव अधिकार उल्लंघन विषयमा राष्ट्रिय जाँचबुझ सम्बन्धी ३ दिने तालीम कार्यक्रम सम्पन्न

राष्ट्रिय मानव अधिकार आयोग नेपाल र राष्ट्रिय मानव अधिकार संस्थाहरुको एशिया प्रशान्त मञ्च ( The Asia Pacific Forum of National Human Rights Institutions) एशिया प्यासिफिक फोरम (एपीएफ) को संयुक्त आयोजनामा यही भाद्र १३ गते देखि सञ्चालन भएको राष्ट्रिय जाँचबुझ सम्बन्धी ३ दिने तालीम भाद्र १५ गते समापन भएको छ ।

तालीमको उद्घाटन-शत्रमा शुभकामना व्यक्त गर्दै आयोगका माननीय अध्यक्ष अनूप राज शर्माले तालीममा सहभागीहरुले व्यावहारिक तथा सैद्धान्तिक ज्ञान हासिल गरी आगामी दिनमा व्यावहारिक रुपमा मानव अधिकार संरक्षण र संवर्द्धनमा महत्वपूर्ण योगदान पुर्‍याउनुपर्ने धारणा राख्नुभयो । अयोगले मानव अधिकारका सबै विषयहरुमा सार्वजनिक सुनुवाई गर्न सक्ने वहाँले बताउनु भयो ।

कार्यक्रममा आयोगका सचिव वेद भट्टराईले सरोकारवालाहरुको समन्वय र सहभागितामा मानव अधिकार उल्लंघनका गम्भीरतम घटनाहरुलाई सम्बोधन गरी देशको समग्र मानव अधिकारको अवस्थामा सुधार गर्नु तालीमको उद्देश्य रहेको बताउनुभयो । वहाँले मानव अधिकार उल्लंघनका घटनाहरुको सत्यतथ्य पत्ता लगाउने, घटनाको कारण र निराकरणका उपायहरु पत्ता लगाउने तथा सामूहिक रुपमा सम्बोधन गर्नको लागि आयोगले समिति गठन गर्न सक्ने व्यवस्था रहेको बताउनुभयो । वहाँले आयोगद्वारा गत महिना जारी गरिएको मानव अधिकार सम्बन्धी राष्ट्रिय जाँचबुझ (नेशनल इन्क्वायरी) निर्देशिका, २०७३ को उद्देश्य पूरा गर्न उक्त तालीम प्रभावकारी हुने जानकारी गराउनुभयो ।

तीन दिनसम्म चलेको राष्ट्रिय जाँचबुझ सम्बन्धी तालीममा राष्ट्रिय मानव अधिकार आयोग अष्ट्रेलियाका पूर्व सदस्य तथा विज्ञ क्रिस सिदोतीले सहजीकरण गर्नुभएको थियो । वहाँले एशिया प्यासिफिक फोरमको महत्वपूर्ण विषय महिला र बालबालिकाको अधिकार रहेको तर राष्ट्रिय जाँचबुझको विषय मानव अधिकार उल्लंघनको सत्यतथ्य अनुसन्धान गर्ने सँगसँगै समग्र मानव अधिकारको सम्बन्धमा समुदाय तथा सरोकारवालाहरुलाई अवगत गराउन पनि महत्वपूर्ण प्रक्रियाको रुपमा रहने बताउनुभयो ।

तालीम कार्यक्रमको समापनको सन्दर्भमा आयोगका सदस्य मोहना अन्सारीले राष्ट्रिय जाँचबुझको माध्यमबाट खुला एवं पारदर्शी ढङ्गले एकै स्थानमा बसी मुलुकमा रहेका मानव अधिकार सम्बन्धी जटील संरचनागत समस्याहरुको उजागर गर्ने, पीडितको न्यायमा पहुँचको लागि राज्यको जवाफदेहितालाई थप प्रभावकारी बनाउन सहयोग मिल्ने बताउनुभयो ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: ww.nhrcnepal.org